नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग

☎ ५५४४७२६, ५५२५७३३, ५५२२०५६, ५५४४७२७, ५५२५४७९
फ्याक्स - ५५४२९१५
ईमेल: dgdls@ntc.net.np
हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :-

चलानी नं. :-

मितिः२०७८/०२/१२

## प्रेस विज्ञप्ति

गत माघ महिना पश्चात काठमाण्डौ, सुर्खेत, जाजरकोट र ललितपुर जिल्लामा देखा परेको बर्ड फ्लु रोग तत्काल नियन्त्रण गरी सो क्षेत्रमा सघन निगरानी (सर्भिलेन्स) कार्यलाई नियमित रुपमा संचालन गरिदै आएको छ । रोगको निगरानीको क्रममा देशका विभिन्न भागबाट नमूना संकलन गरी परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईएको छ । सर्भिलेन्सकै क्रममा काठमाण्डौ जिल्ला किर्तिपुर नगरपालिकाको वार्ड नं ४ र वार्ड नं ९ र चन्द्रागिरी नगरपालिकाको वार्ड न २ का कृषकले पालेका टर्कीका नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा त्रिपुरेश्वरमा रियल टाइम पि.सि.आर विधिबाट परीक्षण गर्दा मिति २०७८।०२।१० गते बर्ड फ्लु रोग (H5N8) प्रमाणित भएको छ।

बर्ड फ्लु रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायहरूलाई परिचालन गरी रोग देखिएको क्षेत्रमा रहेका सम्पूर्ण घरपालुवा पन्छी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत आज नष्ट गरिसकिएको छ। यस क्रममा ५३५ टर्की, ४९२ स्थानीय कुखुरा, ७६ बट्टाई २० हाँस, १७८ अण्डा र ९०० के.जी. दाना नष्ट गरी सुरक्षित तवरले तह लगाइसकिएको छ। साथै रोग देखा परेको क्षेत्रलाई पूर्ण निःसंक्रमण समेत गरिसकिएको छ।

रोग नियन्त्रण कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, निजामती कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। रोग पूर्ण रूपमा नियन्त्रण रहेको र निगरानी कार्यलाई निरन्तरता दिइएको हुँदा आम उपभोक्तालाई सुनिश्चित हुन अनुरोध गर्दै निम्नानुसारका विषयमा ध्यान दिई रोगलाई पूर्ण नियन्त्रणमा राख्ने कार्यमा निरन्तर सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल समेत गर्दछौं।

- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन,
- फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्बन गर्न/गराउनु हुन,
- पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रूपमा निःसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन,
- घरपालुवा पन्छीलाई जंगली पन्छीहरूको सम्पर्कमा आउन नदिन हाँस कुखुरा लगायतका पन्छीलाई खुल्ला नछोडी थुनेर पाल्न हुन,
- कुनै पनि पन्छी फार्म वा अन्य पन्छीपालन वा बिक्री स्थलमा अस्वाभाविक रूपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**